# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४४२ *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।**

विषय :- **परिवर्त्य बिदेशी मुद्राको बैंक ग्यारेण्टी सम्बन्धमा ।**

महाशय,

तपसिलमा लेखिएको प्रयोजनका लागि परिवर्त्य बिदेशी मुद्राको बैंक ग्यारेण्टी (Bid Bond, Performance Bond इत्यादी) समेत जारी गर्न यस बैंकको सटही अनुमति लिई रहनु नपर्ने व्यबस्था गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

<u>तपसिल</u>

१. नेपालस्थित कुनै निकायले माल बस्तु वा सेवा खरिद गर्दा प्रचलित व्यबस्था अनुसार सोको भुक्तानी बिक्रीकर्तालाई परिवर्त्य बिदेशी मुद्रामा नै गरिने व्यबस्था छ भने त्यस्तो माल बस्तु वा सेवा खरिद गर्ने खरिदकर्ताको नाममा बिक्रीकर्ताको तर्फबाट जारी गरिने बैंक ग्यारेण्टी ।

२. यस बैंकवाट इजाजत लिई Money Transfer गर्ने कार्यमा संलग्न निकायलाई आफनो Principal कम्पनीबाट अग्रिम भुक्तानी प्राप्त गर्ने प्रयोजनका लागि आवश्यक पर्ने बैंक ग्यारेण्टीः

   क) यस्तो बैंक ग्यारेण्टी अधिकतम अमेरिकी डलर २ लाख सम्मको मात्र हुनुपर्नेछ ।

   ख) तोकिएको अग्रिम भुक्तानी प्राप्त भएपछि मात्र त्यस्तो बैंक ग्यारेण्टी Activate हुने बुँदा अनिवार्य रुपमा राख्नुपर्ने ।

   ग) यसरी जारी भएको बैंक ग्यारेण्टीको जानकारी यस बैंकलाई दिनुपर्ने ।

३. यस बैंकवाट इजाजत प्राप्त ट्राभल एजेन्सीहरूलाई नेपालमा कार्यरत बिदेशी एयरलाइन्सको एजेन्ट भई काम गर्न आवश्यक हुने बैंक ग्यारेण्टीहरू ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक